# हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
**बागमतीप्रदेश, नेपाल**


पत्र संख्या :-
शाखा/उपशाखा/इकाईः-
चलानी नं. :-

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०८/१४**

हेटौडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको लागि आवश्यक रहेको तपसिल बमोजिमको पदमा हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिका कार्यालयको मिति २०८०/०८/१३ गतेको निर्णयानुसार प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा नियुक्ति गरी कार्य गराउनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजात र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | पद/तह | संख्या |
|---|---|---|---|
| १. | १०/०८०/८१ | पशु चिकत्सक/ अधिकृतस्तर छैटौं सरह | १ (एक) |
| २. | ११/०८०/८१ | वित्तीय साक्षरता सहजकर्ता/ सहायकस्तर पाँचौ सरह | १ (एक) |

**१) आवश्यक न्यूनतम शैक्षिक योग्यता :-**

क) पशु चिकित्सक पदको लागि : मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट पशु चिकत्सा विषयमा **B.Vsc. & A.H./B.V.sc.** वा सो सरहको स्नातक तह उत्तीर्ण नेपाल पशु चिकित्सा परिषद्मा दर्तावाला पशु चिकित्सक हुनु पर्नेछ ।

ख) वित्तीय साक्षरता सहजकर्ता पदको लागि : मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा १०२ उत्तीर्ण, प्रौढ शिक्षा वा बयस्क साक्षरता वा अध्यापनमा २ वर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।

२) उमेरः दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

३) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।

४) दरखास्त दिने स्थान :- हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय ।

५) दरखास्त दिने अन्तिम मिति :- २०८० साल मंसिर महिना २८ गते (उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट)


हेटौंडा उपमहानगरपालिकाफोन : ०५७-५२०३७७/५२०४३३/५२३०४४/५२३०४५/५२५८३९, वारूण यन्त्र : ०५७-५२०६७७/१०१ फ्याक्सः ०५७-५२२८७६
इमेलःinfo@hetaudamun.gov.np वेबसाईटः hetaudamun.gov.np

# हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर

**बागमतीप्रदेश, नेपाल**

पत्र संख्या :-
शाखा/उपशाखा/इकाई:-
चलानी नं. :-


६) आवेदन दस्तुर:- पशु चिकित्सक पदको लागि रु.१००० (एक हजार मात्र) तथा वित्तीय साक्षरता सहजकर्ता पदको लागि रु.५०० (पाँच सय मात्र) यस कार्यालयको राजश्व शाखामा नगद बुझाइ पेश गर्नु पर्ने ।

७) छनौटको किसिम :- लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता

८) प्राथमिकता: सम्बन्धित स्थानीय तह तथा क्षेत्रमा काम गरेकाहरुको लागि प्राथमिकता दिइनेछ ।

९) आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु :- आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नेपाली नगरिकता
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- तालिमको प्रमाणपत्र
- कार्य अनुभव भए सोको कागजात

१०) सेवा सुविधा तथा कार्य अवधी :- करार सम्झौतामा उल्लेख भए बमोजिम ।

११) कार्यविवरण:- पशु चिकित्सकको हकमा स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८० ले तोके बमोजिम र वित्तीय साक्षरता सहजकर्ताको हकमा सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९ बमोजिम तथा सम्वन्धित सेवाको पदले गर्ने गरी तोकिएका अन्य कार्यहरु ।

१२. काम गर्नु पर्ने स्थान :- हेटौंडा उपमहानगरपालिकाको कार्यालय र आवश्यकता अनुसार १९ वटै वडाहरु ।

१३. परीक्षा मिति, समय र स्थान: पछि सूचना प्रकाशित गरी जानकारी गराइनेछ ।

१४. उल्लेखित पदको लागि आवेदनको ढाँचा तथा अन्य विवरण कार्यालयको वेवसाइट www. hetaudamun.gov.np बाट उपलब्ध हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
हेटौंडा उपमहानगरपालिका